काठमाडौंको भृकुटीमण्डपमा जारी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को एकता महाधिवेशन अन्तर्गत शनिबार भएको निर्वाचन प्रक्रियामा सहभागी हुँदै मतदाता। बिहीबार सुरु भएको महाधिवेशन नयाँ नेतृत्व चयन गर्दै आज (आइतबार) सकिने छ। तस्बिर : रासस

एमाले सरकारमा जान एक वर्ष पनि लाग्दैन : ओली

काठमाडौं, १८ मंसिर (कास): प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टी सरकारमा आउन एक वर्ष पनि पर्खनु नपर्ने बताएका छन्।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष ओलीले ढिलोमा पनि एक वर्ष भित्र मुलुकमा निर्वाचन हुने र त्यसपछि आफ्नो पार्टीले सरकार बनाउने दावी गरेका हुन्। शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले आफ्नो पार्टी नेतृत्वको सरकार बनेपछि मुलुकमा पुनर्निर्माण र नवर्निर्माणको काम तीव्रताका साथ अघि बढाउने आश्वासन समेत दिए। अध्यक्ष ओलीले सम्पदाहरुको पुनर्निर्माण, राजमार्गलगायतका पूर्वाधारको निर्माण कार्य देख्न नसक्नेहरुले आफूलाई सरकारबाट हटाएको पनि दोहोऱ्याए। उनले अब मुलुकको विकास र समृद्धिको अभियानलाई निरन्तरता दिन एमालेलाई आगामी निर्वाचनमा विजयी गराउनुपर्ने बताए। अध्यक्ष ओलीले मुलुक निर्माण गर्ने साझा उद्देश्य प्राप्तीका लागि आफ्नो पार्टीमा आउन अन्य पार्टीका कार्यकर्ताहरुलाई आह्वान गरे।

अध्यक्ष ओलीले आफूले सरकारमा रहेर केही काम गर्न नटबोल्ट जोड्ने काम गरेपनि अरु कसैले फुस्काई दिएको उल्लेख गर्दै अब त्यस्तो नहुने गरी नेपाली जनताले आफ्नो पार्टीलाई मत दिनुपर्ने बताए। उनले अघिल्लो पटक नेपाललाई भूजडित देशको रुपमा स्थापित गराउँदा आफूलाई सरकारबाट हटाएको दावी समेत गरे।

गुटबन्दीले पार्टी छिन्नभिन्न भइसक्यो : आचार्य

विराटनगर, १८ मंसिर (कास): नेपाली कांग्रेसका केन्द्रीय सदस्य महेश आचार्यले गुटबन्दीले पार्टीको संगठन कमजोर हुँदै गएको बताएका छन्।

विराटनगरमा शनिबार पत्रकारहरूसँग कुरा गर्दै आचार्यले गुटको आधारमा हुने निर्वाचनले पार्टी संगठन कमजोर हुँदै गएको बताएका हुन्। आचार्यले गुटगत आधारमा हुने निर्वाचनले पार्टीको आन्तरिक लोकतन्त्रसमेत कमजोर भएको उल्लेख गरे। "पार्टीभित्रको गुटबन्दीले कांग्रेसलाई छिन्नभिन्न बनाइसकेको छ," उनले भने, "लोकतन्त्रमा प्रतिस्पर्धा हुनुलाई स्वभाविक रुपमा लिनुपर्छ तर, कांग्रेसको वडादेखि प्रदेशसम्मको निर्वाचनमा आउँदा अर्कै पार्टीसँग प्रतिस्पर्धा गरिरहेको जस्तो देखिएको छ।"

१४ औं महाधिवेशनमा उपसभापतिका लागि स्पर्धा गरिरहेको बताउँदै आचार्यले हारजितको परिणामबाट आफू चिन्तित नहुने स्पष्ट पारे। उनले गुटगत रुपमा भन्दा पनि पार्टीका नेता कार्यकर्तामाझ आफूलाई परीक्षण गर्न उपसभापतिमा उम्मेदवारी दिने निर्णय गरेको जानकारी दिए। उनले निर्वाचित गराउने नगराउने जिम्मा महाअधिवेशनका प्रतिनिधिलाई नै आफूले सुम्पेको बताए।

संविधान संशोधनका लागि पार्टी प्रतिवद्ध छ : डा. भट्टराई

काठमाडौं, १८ मंसिर (कास): सत्ता साझेदार दल जनता समाजवादी पार्टी संघीय परिषदका अध्यक्ष डा. बाबुराम भट्टराईले तत्काल संविधान संशोधन गरेर अघि बढ्न आफ्नो पार्टी प्रतिवद्ध रहेको बताएका छन्।

पूर्वप्रधानमन्त्री समेत रहेका भट्टराईले सबै उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्नका लागि आफ्नो पार्टी संविधान संशोधन गर्ने एजेन्डामा लागि परेको दावी समेत गरे।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले सबै उत्पीडित समूदायको अधिकार सुनिश्चित हुनेगरी संविधान संशोधन गर्न एकतावद्ध भएर अघि बढ्न पनि आह्वान गरे। अध्यक्ष भट्टराईले संविधान संशोधन गर्नुपर्छ भन्ने कुरालाई आफ्नो पार्टीले संसदमा कुरा उठाइराखेको र मन्त्रीपरिषदमा पनि सरकारमा सहभागी मन्त्रीमार्फत् सो प्रस्ताव पेश गर्न लगाउने आश्वासन समेत दिए। अध्यक्ष भट्टराईले फेरी पनि संघर्ष नगरीकन न्याय र अधिकार प्राप्त गर्न नसकिने तर्क समेत गरे। उनले नेवाः स्वायत्त राज्य स्थापनाका लागि नेवार समुदायले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने बताए।

दैनिक दुई लाख कोभिड खोप लगाइँदै

काठमाडौं, १८ मंसिर (कास): सरकारले दैनिक दुई लाख जनालाई कोरोना भाइरस विरुद्धको खोप लगाउने गरी तयारी गरेको छ। यससम्बन्धी तयारी पूरा गरेको सरकारले जनाएको छ। यसका लागि आवश्यक खोप, खोपकेन्द्र र जनशक्तिको व्यवस्था गरिसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयले विदेशबाट नियमित खोप आउन थालेपछि खोप आवश्यक पर्ने सबैलाई लगाउने जनाएको छ। मन्त्रिपरिषद्को यही मङ्सिर १३ गते बसेको बैठकले सबै नागरिकलाई निःशुल्क रुपमा कोभिड-१९ खोप उपलब्ध गराउने निर्णय गरेको थियो। मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले दैनिक दुई लाख जनालाई खोप लगाउने गरी आवश्यक सबै तयारी पूरा भएको जानकारी दिए।

उनले सर्वसाधारणमा कोभिड-१९ विरुद्धको खोप पुऱ्याउनका लागि नियमित सञ्चालन हुने खोप केन्द्रबाट नै खोप लगाइने बताए। उनले स्वास्थ्यकर्मी, कर्मचारी र अग्रपंक्तिमा काम गर्नेले खोप लगाइसकेको भन्दै अब स्थानीय तहमा पुगेर नै खोप लगाउन छुटेका व्यक्तिलाई खोप लगाइने जानकारी दिए। उनका अनुसार अहिलेसम्म नेपालमा दुई करोड ७३ लाख ५६ हजार ५३० मात्रा खोप आइसकेको छ। तीन करोड ५० लाख खोप आउने क्रममा छ।

अहिलेसम्म एक करोड ८८ लाख ६२ हजार २१६ जनाले खोप लगाइसकेका छन्। तीमध्ये एक करोड दुई लाख ४८ हजार ३६९ पहिलो मात्रा र ८६ लाख १३ हजार ८४७ जनाले पूर्ण मात्राको खोप लगाइसकेका छन्। कूल जनसंख्यामध्ये ३३.७ प्रतिशतले पहिलो मात्रा र २८.४ प्रतिशतले पूर्ण मात्रा खोप लगाइसकेका छन्।

सरकारले पुस मसान्तभित्र कूल लक्षितको दुई तिहाई र चैतमसान्तसम्म लक्षित सबै नागरिकलाई खोप लगाउने लक्ष्य लिएको छ। सरकारले खरिद गरेर र कोभ्याक्स सुविधामार्फत दैनिक खोप ल्याइरहेको छ।

दलीय सहमतिमा मात्रै महाभियोग: प्रचण्ड

कारोबार संवाददाता

काठमाडौं, १८ मंसिर

सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले दलहरुबीचको सहमतीविना प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध संसदमा महाअभियोग प्रस्ताव ल्याउने अवस्था नरहेको बताएका छन्।

अध्यक्ष दाहालले यही मंसिर २८ गते बोलाइएको संघीय संसदको हिउँदे अधिवेशनमा पनि राष्ट्रिय सहमती र दलहरुबीचको समझदारी नभई प्रधानन्यायाधीश जबराविरुद्धको महाअभियोग प्रस्ताव अघि बढ्ने अवस्था नरहेको प्रष्ट्याएका हुन्।

शनिबार पार्टी निकट प्रेस सेन्टर नेपालको चितवनमा आयोजित चौंथो राष्ट्रिय महाधिवेशनमा बोल्दै उनले राजनीतिक दलहरुको सहमती र समझदारी नभई एमसीसीबारे संसदले निर्णय लिने अवस्था नरहेको पनि बताए। प्रधानन्यायाधीश जबराविरुद्ध संसदमा महाअभियोग लगाउने कुरा र एमसीसी पारित गर्ने कुरा दलहरुबीचको सहमतीमा मात्रै हुने अध्यक्ष दाहालको भनाइ थियो। अध्यक्ष दाहालले प्रधानन्यायाधीशमाथि महाअभियोग लगाउने कुरा, एमसीसी के हुन्छ भन्ने विषयमा चिन्ता नलिई लोकतन्त्र र गणतन्त्रको पक्षमा दृढतापूर्वक उभिन पार्टी निकट पत्रकारहरुको संगठन प्रेस सेन्टरका नेता, कार्यकर्तालाई अपिल गरे।

अध्यक्ष दाहालले मुलुकमा अझै प्रतिगमनको खतरा टरिनसकेको उल्लेख गर्दै त्यस विरुद्ध कलम चलाउन पनि पत्रकारहरुलाई आग्रह गरे। उनले प्रतिगमनकारी र प्रतिक्रान्तिकारी शक्तिहरुले सत्तारुढ गठबन्धनलाई कमजोर पार्न सकिन्छ कि भनेर षडयन्त्र गरिरहेको दोहोऱ्याए। अध्यक्ष दाहालले एमालेको चितवनमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनलाई पञ्चायतीकरणको संज्ञा दिँदै त्यसविरुद्ध अझ सजक र सक्रियताका साथ लागि पर्न पनि पार्टी निकट पत्रकारहरुलाई सचेत गराए। अध्यक्ष दाहालले आफूहरुले प्रतिक्रान्तिलाई रोक्दै मुलुकलाई समृद्धिको बाटोतर्फ अघि बढाउन चाहेको पटक-पटक दोहोऱ्याए। त्यस अवसरमा उनले प्रेस सेन्टर नेपालको नेतृत्व चयनमा आफूले हस्तक्षेप नगर्ने बताए।

उनले अहिले पनि प्रतिक्रान्तिकारी र प्रतिगमनकारी सलबलाइराखेको बताए। उनले भने, "कहीँ न कहीँ गठबन्धनलाई कमजोर पार्न सकिन्छ कि, प्रेसलाई कमजोर पार्न सकिन्छ कि, प्रेसमार्फत भ्रम छर्न सकिन्छ कि भनेर त्यो षड्यन्त्र अझै पनि जारी छ।"

राजनीतिकरूपमा चितवन परिचित बन्दै गएको जनाउँदै उनले भने, "प्रचण्डलाई मन पर्नेले पनि चितवन रोज्ने भए, नपर्नेले पनि चितवन रोज्ने भए, मन परेर आउनेलाई पनि धन्यवाद मन नपरेर आउनेलाई पनि धन्यवाद।" देशका सबै कम्युनिष्टबीचको एकता अझै पनि आवश्यक रहेको दाहालको भनाइ थियो। सच्चा र इमान्दार कम्युनिष्ट एकताबद्ध हुनुपर्ने उनले बताए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष बिपुल पोखरेलले सरकार परिवर्तन भए पनि प्रेस स्वतन्त्रता विरोधी ऐन, कानुन बन्ने प्रक्रिया नरोकिएकाले नयाँ सरकारको अनुभूति प्रेसले पाउन नसकेको बताए। कार्यक्रममा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष अमृता थापा, अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पञ्चा सिंह, नेकपा माओवादी केन्०का प्रवास अध्यक्ष ओम शर्मा, समाजवादी प्रेस सङ्गठन नेपालका अध्यक्ष शम्भु श्रेष्ठ, प्रेस सेन्टरका केन्द्रीय अध्यक्ष महेश्वर दाहाललगायतले बोलेका थिए।

महाधिवेशन नयाँ नेतृत्व चयन गर्दै आइतबार सम्पन्न हुँदै छ। महाधिवेशनमा देशभरबाट ८०० हाराहारी प्रतिनिधि सहभागी भएको केन्द्रीय कोषाध्यक्ष सुरेशचन्द्र अधिकारीले बताए।

विधान परिमार्जन गर्न उपसमिति गठन

नेकपा (माओवादी केन्द्र) को स्थायी कमिटी बैठकले विधान परिमार्जन गर्नको लागि ५ सदस्यीय उपसमिति बनाउने निर्णय गरेको छ। शुक्रबार पार्टी कार्यालय पेरिसडाँडामा बसेको पार्टीको स्थायी कमिटीको बैठकले विधान परिमार्जन गर्नको लागि ५ सदस्यीय उपसमिति बनाउने निर्णय गरेको हो।

विधान परिमार्जन उपसमितिमा देव गुरुङ, पम्फा भुसाल, लिलामणि पोखरेल, जनार्दन शर्मा र मात्रिका यादव रहेएको र उक्त उपसमितिले यही मंसिर २५ गतेसम्म विधान परिमार्जन गरिसक्ने पार्टी प्रवक्ता कृष्णबहादुर महराले बताए। प्रवक्ता महाराले राष्ट्रिय सम्मेलनमा आउने प्रत्येक सदस्यहरुको प्रवेश शुल्क दुई हजार रुपैयाँ तोकेको पनि जानकारी दिए। उनले राष्ट्रिय सम्मेलनको लागि व्यवस्थापन उपसमितिहरु बनाइएको बताए। बैठकले हितमान शाक्यको नेतृत्वमा व्यवस्थापन उपसमिति र कृष्णबहादुर महराको नेतृत्वमा प्रचारप्रसार उपसमिति बनाउने निर्णय गरेको छ। त्यस्तै बैठकले राष्ट्रिय सम्मेलनका लागि स्वयंसेवक उपसमिति र स्वास्थ्य उपसमिति बनाउने निर्णय गरेको छ।

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाडबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८/०८/१९ गते

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७८/०६/११ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

क्र. सं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल गरिएको रकम (मु.अ. कर सहित)
१.	EGP/BRMO/NCB/ W-01/2078-79	कुचिवाङ-सिमखोला-लाबाङ सडक निर्माण	जय.के.जे. कन्सट्रक्सन प्रा.लि. भूमे ६, रुकुम (पूर्व)	रु. ६६,९९,९७३.४२/- (अक्षेरुपी छैसट्ठी लाख उनानसय हजार नौ सय त्रिहत्तर रुपैया बयालीस पैसा मात्र)
२.	EGP/BRMO/NCB/ W-02/2078-79	सिमा-झुम्लाबाङ-क्याङ्सी-गाबाङ- काँक्री सडक निर्माण	सर्व सिद्ध कन्स्ट्रक्सन प्रा.लि. बा.न.पा. ५, मालिका बाग्लुङ	रु. २६,८४,६०७.५२/- (अक्षेरुपी छब्बीस लाख चौरासी हजार छ सय सात रुपैया बाउन्न पैसा मात्र)
३.	EGP/BRMO/NCB/ W-03/2078-79	लाबाङ-धर्मशाखा-भित्रीवन सडक निर्माण	ओलि निर्माण सेवा एण्ड सप्लायर्स भेरी न.पा. ३, जाजरकोट	रु. २०,६२,३१३.१०/- (अक्षेरुपी बीस लाख बैसट्ठी हजार तिन सय तेह्र रुपैया दश पैसा मात्र)
४.	EGP/BRMO/NCB/ W-04/2078-79	धर्मशाला-खुङ-मालुवा-झारखुम सडक निर्माण	यमुना निर्माण सेवा एण्ड सप्लायर्स मुसिकोट न.पा.१, रुकूम (पश्चिम)	रु. २४,४०,७११.७१/- (अक्षेरुपी चौबीस लाख चालिस हजार सात सय एघार रुपैया एकहत्तर पैसा मात्र)

प्रमुख प्रशासकिय अधिकृत

भक्तपुरका चार नगरमा माओवादीको नयाँ नेतृत्व

भक्तपुर, १८ मंसिर (कास): भक्तपुरका चार नगरमा नेकपा (माओवादी केन्द्र)ले नयाँ नेतृत्व चयन गरेको छ। जिल्लाका भक्तपुर, चाँगुनारायण, मध्यपुरथिमि र सूर्यविनायक नगरको अधिवेशनले नयाँ नेतृत्व चयन गरेको हो।

जिल्ला कमिटीका अध्यक्ष देवीप्रसाद ढकालका अनुसार भक्तपुर नगर कमिटीको अध्यक्षमा राकेश सुवाल, उपाध्यक्षमा राजेश्वरी शिल्पकार, श्रीराम सुवाल र नारायण त्वयना, सचिवमा कृष्णप्रसाद ह्याङ्गो, सहसचिवमा विकास कोजु र कोषाध्यक्षमा कृष्णमान वनमाला सर्वसहमत चयन भएका छन्।

यस्तै चाँगुनारायण नगर कमिटीको अध्यक्षमा नरेश खड्का, उपाध्यक्षमा रामकुमार तामाङ, विनोद लामिछाने र सुमन दाहाल, सचिवमा चण्डिका लामिछाने, सहसचिवमा श्याम श्रेष्ठ र कोषाध्यक्षमा जगन्नाथ खत्रीलाई चयन गरिएको छ। मध्यपुरथिमि नगर कमिटीको अध्यक्षमा विजयकृष्ण श्रेष्ठ, उपाध्यक्षमा राजन आलेमगर, भरत द्यौं र विकेश श्रेष्ठ, सचिवमा शिव श्रेष्ठ, सहसचिवमा कृष्णमान प्रजापति र कोषाध्यक्षमा जगतमाया प्रजापतिलाई सर्वसम्मत चयन गरिएको अध्यक्ष ढकालले जानकारी दिए।

पृष्ठ १ बाट जारी

स्थानीय...

प्रदेश सुशासन केन्द्र बागमतीका कार्यकारी निर्देशक विमल पोखेलले स्थानीय जनप्रतिनिधिसँग छलफल गर्ने गरेको र आवश्यकता पहिचानका लागि माग संकलन गरी तालिम दिने गरेको बताउँछन्। अहिलेको अवस्थामा जनप्रतिनिधिलाई समस्या हटाउन पनि तालिम चाहिने उनी बताउँछन्।

काठमाडौं महानगरपालिका-३१ का वडाध्यक्ष नारायणप्रसाद भण्डारी विभिन्न तालिमको अवसर पाए पनि कामको चापले समय दिन नसकेको बताउँछन्। "तालिमको अवसर त धेरै आयो," उनी भन्छन्, "वडाध्यक्षको काम बिहान छ बजेदेखि रातको नौ बजेसम्म पनि उत्तिकै छ, त्यसैले सहभागी भएको छैन।" "म त आफैं तालिम दिने पर्ने, तालिम लिनेंभन्दा पनि दिनें हुँ।" उनले थपे, "काम गर्न केही अप्ठेरो र बाधा अनुभव गरेको छैन।"

स्थानीय तहका सबै जनप्रतिनिधिले एक चरणको तालिम पाएको न्यौपाने बताउँछन्। एसिया फाउण्डेसनले ७७ जिल्लाका जिससका उपप्रमुखलाई क्षमता विकास तालिम दिएको थियो। यस्तै स्थानीय तहका उपाध्यक्ष/उपप्रमुखलाई न्यायीक क्षेत्रको कार्यसम्पादन गर्न पनि विभिन्न तालिम दिइएको थियो। यस्तै स्थानीय तह सञ्चालन तालिम पनि दिइएको थियो।

मौसमका...

शनिबार बिहान विमानस्थलको भिजिबिलिटी ५ सय मिटर मात्र थियो। विमानले उडान भर्न ८ सय मिटर र अवतरणका लागि १६ सय मिटर भिजिबिलीटी आवश्यक पर्छ। सोही कारण उडान प्रभावित भएको विमानस्थलल कार्यालयले जनाएको छ। १० बजेर १५ मिनेटपछि भिजिबिलिटीमा सुधार आएको थियो भने ११ बजे भने भिजिबिलिटी ३ हजार मिटर भएसँगै उडान तालिका नियमित भएको प्रवक्ता ठाकुरले बताए।

आन्तरिकमा पनि शनिबार उडान प्रभावित भएको विमानस्थलका आन्तरिक टर्मिनल प्रमुख पूर्ण चुडालले बताए। जाडो समयमा बिहान हुस्सु लाग्ने गरेको र विमानस्थल ढिला खुल्दा राति ११ बजेसम्म उडान अवतरण हुने गरेको चुडालले बताए। शनिबार १० बजे मात्र आन्तरिक विमानस्थल खुलेको थियो। जाडो समयमा मौमका कारण विमानस्थल ढिलो खुल्दा उडान समय मध्यान्न र अपरान्हमा सर्दा नियमित उडान तालिका प्रभावित हुने गरेको छ।

उज्यालो...

पातारासीमा पानीको स्रोत पर्याप्त भएकै कारण स्थानीय सरकारको लगानी र प्राथमिकता पनि जलविद्युत्मै परेको हो, जसका कारण अन्य क्षेत्रको विकासभन्दा विद्युत् क्षेत्रको विकास प्रभावकारी भएको छ।

त्यस्तै हालसम्म डेढ दर्जनभन्दा बढी विभिन्न ऐन-कानुन निर्माण भएका छन्, जसले दैनिक कार्यसम्पादनमा सहज भएको छ भने पातारासीका चारवटा स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर सञ्चालनमा छन्। पातारासीका सातवटै वडाका २६ बस्तीमा सडक पुगेका छन्। साथै, पातारासी क्षेत्रका विभिन्न पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि गुरुयोजना निर्माण गरी काम अघि बढेको प्रमुख प्रशासकीय अधिकृत बुद्धथापाले कारोबारलाई जानकारी दिए।

विश्वकै अग्लो स्थानमा मार्सी उत्पादन हुने छुमज्युलो प्रवर्द्धन विकास गुरुयोजनामार्फत घेराबार, होमस्टे, कटेज, हेलिप्याडलगायतका संरचना निर्माण भइरहेका छन्। साथै तातापानी धानचौरी पर्यटन गुरुयोजना पनि कार्यान्वयनकै स्थितिमा छ।

स्थानीय सरकार आएपश्चात् पातारासीका गाउँगाउँमा १६ वटा विद्युत् आयोजना निर्माण भई सञ्चालनमा आएका छन्। १५ देखि १ सय किलोवाटसम्मका १६ आयोजना निर्माण भई सञ्चालन भएपछि पातारासीका दुर्गम बस्ती झिलिमिली भएका छन् भने जिल्लाकै पहिलो उज्यालो पालिका घोषणा गर्ने तयारीमा पातारासी जुटेको छ।

कृषि उत्पादनका हिसाबले पनि जिल्लाको अन्नभण्डारका रूपमा प्रचलित पातारासीमा आलु, मकै, कोदो, फापर पर्याप्त उत्पादन हुन्छ। ती उत्पादनको बजारीकरणमा सघाउ पुऱ्याउन गाउँगाउँमै सडक पुग्दा स्थानीयको जीविकोपार्जनमा समेत सुधार भएको छ।

प्रस्तुति : सागर परियार